# लेखक परिचय

अस्मिता महिला प्रकाशन गृह सञ्चार तथा स्रोत संस्थासँग आबद्ध सञ्चारकर्मी **अञ्जु क्षेत्री** *अस्मिता* पत्रिका (हाल बन्द) की सम्पादक हुन्। क्षेत्रीको सह-लेखनमा *पत्रकारितामा महिला प्रश्न* (२०५९) तथा सह-सम्पादनमा *राइटिङ अगेन्स्ट ट्राफिकिङ* (सन् २००६) प्रकाशित छन्। साथै, नेपाली मिडिया र महिलाका विभिन्न पक्षबारे उनका लेख रचनाहरू प्रकाशित छन्।

**कोमल भट्ट** मार्टिन चौतारीमा आबद्ध अनुसन्धानकर्ता हुन्। मिडियाका विभिन्न पक्षबारे उनका विश्लेषणात्मक लेखहरू प्रकाशित छन्। उनी*नेपाली मिडिया सन्दर्भ ग्रन्थ* (२०६०), *रेडियो नेपालको सामाजिक इतिहास* (२०६१) र *रेडियो पत्रकारिता: एफएममा समाचार र संवाद* (२०६२) तथा वार्षिक जर्नल *मिडिया अध्ययन*का सह-सम्पादक हुन्। भट्टको सह-लेखनमा *मिडिया अनुसन्धान: प्राज्ञिक पूर्वाधार निर्माणका केही अभ्यास* (२०६४) प्रकाशित छ।

त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्नुहुने **कृष्ण भट्टचन** नेपालको आदिवासी जनजाति आन्दोलनका अगुवा हुन्। उनको सह-सम्पादनमा *डेभलपमेन्टल प्राक्टिसेस इन नेपाल* (सन् १९९७), *इन्डिजिनस नलेज सिस्टम* (सन् १९९९), *एनजीओ, सिभिल सोसाइटी एण्ड गभर्नमेन्ट इन नेपाल* (सन् २००१) र *नेपाल बिब्लियोग्राफी*

*अफ इन्डिजिनस पिपल्स (जनजाति)* (सन् २००६) प्रकाशित छन् भने सह-लेखनमा *सञ्चारकर्मी महिलाको अवस्था* (२०६२) प्रकाशित छ ।

**खिम घले** *कान्तिपुर* दैनिकका संवाददाता हुन् । उनले त्रिभुवन विश्वविद्यालयबाट पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर गरेका छन् ।

**चन्द्रकिशोर** वीरगञ्जबाट प्रकाशन हुने *तराई खबरपत्रिका*का सम्पादक हुन् । उनी विगतमा *देशान्तर, राष्ट्रपुकार, अग्निपथ* र *हिमाल खबरपत्रिका*मा संलग्न थिए । उनले तराईका विभिन्न समस्या र सवालबारे काठमाडौँबाट प्रकाशित हुने पत्रपत्रिकामा लेख लेख्दै आएका छन् ।

आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातक **जेवी विश्वकर्मा** जागरण मिडिया सेन्टरद्वारा उत्पादित *कट्वाल रेडियो पत्रिका*का कार्यक्रम संयोजक हुन् । उनी हाल *मूल्याङ्कन* मासिकमा संवाददाताका रूपमा पनि कार्यरत छन् । पत्रपत्रिकाहरूमा दलितका विभिन्न पक्षबारे उनका रचनाहरू प्रकाशित छन् ।

प्रेस काउन्सिल नेपालकी सदस्य **ज्ञानु पाण्डे** सञ्चारिका समूहकी पूर्व उपाध्यक्ष हुन् । *विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासमा अस्तित्ववाद* (२०६२) पुस्तककी लेखक पाण्डेको सह-लेखनमा *सञ्चारकर्मी महिलाको अवस्था* (२०६२) पनि प्रकाशित छ । पाण्डे पद्मकन्या क्याम्पसमा प्राध्यापन गर्छिन् ।

**टङ्क उप्रेती**ले अर्थशास्त्र र आमसञ्चारमा स्नातकोत्तर गरेका छन् । विगत १३ वर्षदेखि टेलिभिजन कार्यक्रम उत्पादनमा संलग्न उनी हाल नेपाल टेलिभिजनका वरिष्ठ निर्माता हुन् । उप्रेतीका तीनओटा कविता सङ्ग्रह समेत प्रकाशित छन् ।

२०४३ सालमा उद्घोषकको रूपमा नेपाल टेलिभिजनमा प्रवेश गरेकी **दीपा गौतम** हाल सोही संस्थामा प्रमुख निर्माताको रूपमा कार्यरत छिन् । उनी इन्टरनेसनल एसोसिएसन अफ वुमन इन रेडियो एण्ड टेलिभिजन (आइवट) तथा इन्टरनेसनल प्रेस इन्स्टिच्यूट (आइपीआइ) की सदस्य हुन् । *काँचको पर्दाः नेपाली टेलिभिजनमा महिला* (२०६३) की लेखक गौतमको सह-लेखनमा *सञ्चारकर्मी महिलाको अवस्था* (२०६२) पनि प्रकाशित छ ।

**धीरेन्द्र प्रेमर्षि** कान्तिपुर एफएममा *चौवटिया* र *हेल्लो मिथिला;* नेपाल एफएममा *आवाज* तथा नेपाल वन टेलिभिजनमा *राम्रो कस्तो राम्रो* कार्यक्रम सञ्चालन गर्छन् । उनी संस्कार मिथिलाका अध्यक्ष तथा सिस्नुपानी नेपालका उपाध्यक्ष हुन् ।

**पवित्रा सुनार** स्वतन्त्र पत्रकार हुन् । उनले विभिन्न सामाजिक आर्थिक विषयमा फिचर लेखेकी छिन् । विभिन्न पत्रपत्रिकामा उनका सञ्चार र दलितसम्बन्धी लेख पनि प्रकाशित छन् ।

**प्रत्यूष वन्त** मार्टिन चौतारीमा आबद्ध अनुसन्धनकर्ता हुन् । उनको सम्पादन, सह-सम्पादनमा नेपाली मिडिया र अन्य विधासँग सम्बन्धित विभिन्न पुस्तक प्रकाशित छन् । *नेपाल स्टडिज इन द युके* (सन् २००४) र *मास मिडिया इन पोस्ट-१९९० नेपाल* (सन् २००६) का लेखक वन्त *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* र *मिडिया अध्ययन* जर्नलका पनि सम्पादक हुन् ।

**भास्कर गौतम** मार्टिन चौतारीमा आबद्ध अनुसन्धानकर्ता हुन् । *छापामा जनजाति* (२०५८), *नेपालमा गरिबीको बहस* (२०६१), *सहरीकरण: जीविकाको विविध आयाम* (२०६३), *माओवादी विद्रोह: सशस्त्र सङ्घर्षको अवधि* (२०६४) र *मधेस विद्रोहको नालीबेली* (२०६४) उनको सम्पादन/सह-सम्पादनमा प्रकाशित पुस्तकहरू हुन् । विभिन्न पुस्तक र पत्रपत्रिकामा नेपालको समसामयिक विषयहरूमा उनका लेख प्रकाशित छन् ।

**वन्दना राणा** सञ्चारिका समूह तथा राष्ट्रिय महिला आयोगकी पूर्व अध्यक्ष हुन् । राणाको सह-सम्पादनमा *मदर सिस्टर डटर: नेपाल्स प्रेस अन वुमन- भाग १ र २* (सन् २००२ र २००५) तथा सह-लेखनमा *सञ्चारकर्मी महिलाको अवस्था* (२०६२) प्रकाशित छ ।

**शेखर पराजुली** मार्टिन चौतारीमा आबद्ध अनुसन्धानकर्ता हुन् । नेपाली मिडियाका विभिन्न पक्षबारे उनका विश्लेषणात्मक लेखहरू प्रकाशित छन् । उनको सह-सम्पादनमा नेपाली मिडियाबारे पाँच पुस्तक प्रकाशित छन् । उनको पुस्तक *मिडिया संवाद: नेपाली पत्रकारिताबारे अन्तर्वार्ता* (२०६४) पनि भर्खरै प्रकाशित भएको छ । उनी दुई नेपाली जर्नल– *रूपान्तरण: समाज अध्ययन* र *मिडिया अध्ययन*का सम्पादक हुन् ।

**सङ्गीता लामा** क्रियाशील पत्रकार महिला नामक संस्थाकी अध्यक्ष हुन् । हाल काठमाडौँमा रहेर स्वतन्त्र रूपले पत्रकारिता गरिरहेकी लामाले वातावरण तथा महिलालगायत सामाजिक विषयवस्तुमाथि कलम चलाउँदै आएकी छिन् । उनी *हाकाहाकी*मा लामो समय सह-सम्पादकको रूपमा संलग्न थिइन् । विगतमा उनले *हिमाल खबरपत्रिका* र *हिमाल*मा संवाददाताको रूपमा काम गरेकी थिइन् भने *वातावरण र खोज खबर* जस्ता रेडियो कार्यक्रमको उत्पादनमा पनि उनी संलग्न थिइन् ।

**हरिकला अधिकारी** हाल *गोरखापत्र*मा नायव कार्यकारी सम्पादकको रूपमा कार्यरत छिन् । २०४० सालमा पत्रकारितामा प्रवेश भएकी अधिकारीले विगतमा *मातृभूमि, उपमा, राष्ट्रपुकार* आदि पत्रपत्रिकामा काम गरेकी थिइन् । उनको सह-लेखनमा *सञ्चारकर्मी महिलाको अवस्था* (२०६२) प्रकाशित छ ।